
# लेखापरीक्षण प्रतिवेदन

## ऋषिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ऋषिङ गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/586

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
ऋषिङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहूँ।

**कैफियतसहितको राय**

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ४० लाख ४१ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.१ करोड ५० लाख ७४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२२ लाख ६० हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु.१ अर्ब २६ करोड ८ लाख ६५ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ४८ लाख ७६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु २७ लाख ४८ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. २ करोड २१ लाख २७ हजार मध्ये असुल गर्नुपर्ने रू. ४२ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७६ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु.१९ करोड १९ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ४१ लाख १३ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य ब्यहोरा:**

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | १६० | २,४८,७६,२०६ | ० | ५ | २७,४८,४२५ | ० | ४५ | १५५ | २,२१,२७,७८० | ४२,९९,९४७ | १,०१,७५,४६४ | ७६,५२,३७० | ० | ० | १,७८,२७,८३४ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १९१९८६००० | ० | ० | १९१९८६००० | ० | २२१२७७८० | २१४११३७८० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६५ | दोहोरो भुक्तानी | ४,२०० |
| २ | २०८०/८१ | ३० | दाखिला वांकी मू.अकर | २,१९,२२५ |
| ३ | २०८०/८१ | १९.३ | तनहुँ हाईड्रो पावर टनेलको गेग्रान विक्री ठेक्का | २५,२५,००० |
| जम्मा | | | | २७,४८,४२५ |

# (८०४३८५०२३०० - ऋषिङ गाउँपालिका, तनहुँ )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मोदी पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २१५ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ९१८ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०२ देखि २०८१ ।०८।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

छ) लेखापरीक्षणका क्रममा असुलीः कर्मचारी दोहोरो भत्ता असुली रु २८२१८।००

पालिकाको एकिकृत आर्थिक विवरण यस प्रकारको छ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु** | ३०,४७,३५,७७३.१५ |
| | बैंक मौज्दात | १,४२,३२,०४६.४९ | २ | **पूँजीगत** | १५,५०,४४,४२०.४९ |
| २ | यस वर्षको धरौटी आम्दानी | १,५७,७४,८३८.७३ | ३ | **धरौटी फिर्ता** | ३८,४३,२८६.०० |
| ३ | **आन्तरिक राजश्व आम्दानी** | | ४ | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | २,८१,३८,९३१.४८ | | विविध खर्च खाता | ६८,१९,७१२.९८ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ८५,०८,६९४.५६ | | प्रकोप व्यवस्थापन कोष | |
| | राजश्व बाँडफाँड संघीय सरकार | ८,६३,८२,७०१.१९ | | कर्मचारी कल्याण कोष | |
| | अन्य आय | | ५ | अन्तर सरकारी अख्तियारी | |
| ४ | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | स्वासथ क्षेत्र सुधार कार्यक्रम | २२,६०,०००.०० |
| | वित्तीय समानिकरण अनुदान | ९,०८,६१,०००.४२ | | एकीकृत स्वास्थ पूर्वाधार कार्यक्रम | १,५०,७४,८८४.०० |
| | सशर्त अनुदान | २१,०४,०९,४५९.७९ | | सामाजिक सुरक्षा | १३,४०,४१,९१७.०० |
| | समपुरक अनुदान | ३३,४५,०००.०० | | स्वासथ क्षेत्र सुधार कार्यक्रम | २२,६०,०००.०० |
| | विशेष अनुदान | ५,४०,०००.०० | | शशर्त अनुदान फिर्ता | २,६६,२५,८८०.२१ |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **<u>मौज्दात</u>** | |
| | वित्तीय समानिकरण अनुदान | ९,०५,२२,०००.०० | | बैंक मौज्दात | १,०१,८०,१३३.८६ |
| | सशर्त अनुदान | -- | | धरौटी मौज्दात | १,१९,३१,५५२.७३ |
| | समपुरक अनुदान | ३५,२९,७००.०० | | कल्याण कोष खाता | |
| | विशेष अनुदान | ४७,१६,९००.०० | | प्रकोप व्यवस्थापन खाता | ३२,२१,६८१.४५ |
| ६ | **विभिन्न कोष तर्फको आय** | | | विविध खर्च खाता | ६८,१९,७१२.९८ |
| | मर्मत सम्भार कोष | | | आन्तरिक राजश्व खाता | ४,१६,१८६.०० |
| | प्रकोप व्यवस्थापन कोष | ३२,२१,६८१.४५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कर्मचारी कल्याण कोष | | | | |
| | विविध खर्च खाता | १,२५,२८,०१६.०२ | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ७ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सडक बोर्ड नेपाल | | | | |
| | जिल्ला समन्वय समिति | | | | |
| ८ | **अन्तर सरकारी अख्तियारी** | | | | |
| | स्वासथ क्षेत्र सुधार कार्यक्रम | २२,६०,०००.०० | | | |
| | एकीकृत स्वास्थ पूर्वाधार कार्यक्रम | १,५०,७४,८८४.०० | | | |
| | सामाजिक सुरक्षा | १३,४०,४१,९१७.०० | | | |
| | **जम्मा** | **६५,३२,७७,८५१.०६** | | **जम्मा** | **६५,३२,७७,८५१.०६** |


# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा १० सुचकमा छैन भन्ने जवाफ दिएको १८ सुचकमा परिपालना भएको र १ वटा सुचकमा थाह नभएकोमा प्रतिकृया प्राप्त भएको छ ।

जसअनुसार कुल सुचकमा १० सुचकको परिपालना नभएको अर्थात ३४ प्रतिशत कार्यान्वयनमा नल्याएको ६३ प्रतिशत कार्यन्वयनमा ल्याएको र ३ प्रतिशत थाह नभएको पाईयो । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




३ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | ९ | ९ | २ | ७ |

उपरोक्तानुसार यस वर्ष ९ वटा मुद्धा दर्ता भएकोमा २ वटा फछ्र्यौट भई ७ वटा मुद्धा वांकी रहेको छ । फछ्र्यौट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ

४ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पारित भएका ६० ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | २६ |
| २. | नियमावली | ५ |
| ३. | कार्यविधि तथा निर्देशिका | २८ |
| ४. | नीति | १ |
| | **जम्मा** | **६०** |

५ **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १५३६ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ७१० |
| मृत्यु दर्ता | ३२३ |
| बसाईसराई दर्ता | १२४ |
| विवाह दर्ता | ३२२ |
| सम्बन्ध विच्छेद दर्ता | ५७ |
| **जम्मा** | १५३६ |

६ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. २,८१,३८,९३१ राजस्व बाँडफाँडबाट रु. ९,४८,९१,३९५ र अनुदानबाट रु. ४०,३९,२४,०५९ समेत रु. ५२,६९,५४,३८५ आम्दानी भएकोमा चालुतर्फ रु. ३०,४७,३५,७७३ र पूँजीगततर्फ रु. १५,५०,४४,४२० समेत रु. ४५,९७,८०,१९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.१२ प्रतिशत रहेको छ । पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा ६.१२ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा, ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०/०३/१० गते रु. ५५ करोड २५ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| **कुल बजेट** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| ५७,५२,२७,००० | ३५,७५,२७,००० | ६२.१५ प्रतिशत | २१,७७,००,००० | ३७.८५ प्रतिशत |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ५७ करोड ५२ लाख २७ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ३५ करोड ७५ लाख २७ हजार (६२.१५ प्रतिशत) र पूँजीगत तर्फ रु. २१ करोड ७७ लाख (३७.८५ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुंजिगत वजेटको हिस्सा वढाउन तर्फ कदम चाल्नुपर्दछ ।

९ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. ४५ करोड ९७ लाख ८० हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. १ करोड १ लाख ८० हजार १३३ रुपैंया मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सदैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## १० पुँजीगत बजेट तथा पूँजीगत खर्चः

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाले वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरेकोमा यस आर्थिक वर्षको पूँजीगत बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | पूँजीगत बजेट | पूँजीगत खर्च | पूँजीगत बजेटकोतुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २१,७७,००,००० | १५,५०,४४,४२० | ७१.२३% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु २१ करोड ७७ लाख विनियोजन गरेकोमा रु १५ करोड ५० लाख ४४ हजार खर्च गरेको छ जुन ७१.२३% प्रतिशत मात्र हुन आउने हुंदा पुंजिगत खर्चको हिस्सा वढाउन तर्फ पालिकाले जोड दिनुपर्दछ ।

## ११ चालु बजेट तथा चालु खर्चः

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| क्र.स. | आर्थिक वर्ष | चालु बजेट | चालु खर्च | चालु बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३४,७५,२७,००० | ३०,४७,३५,७३३ | ८५.२३% |

पालिकाले यस वर्ष चालु तर्फ रु. ३४ करोड ७५ लाख २७ हजार विनियोजन गरेकोमा रु. ३० करोड ४७ लाख ३५ हजार खर्च गरेको छ जुन ८५.२३% प्रतिशत हुन आउँछ । चालु खर्चलाई वाञ्छित सिमाभित्र राखि पुँजिगत खर्चको प्रतिशतलाई वढाउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजीगत, ऋषिङ्ग गाउँपालिका | १५५०४४ | १८९६२ | १९७२४ | ४२७३७ | ७४४८६ | ३९३२२ |
| | कूल खर्च | १५५०४४ | १८९६२ | १९७२४ | ४२७३७ | ७४४८६ | ३९३२२ |
| | खर्च प्रतिशत | | ८.७१ | ९.०६ | १९.६३ | ३४.२१ | १८.०६ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ३४.२१ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले वर्षान्तमा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्घतिमा नियन्त्रण नियन्त्रण हुनुपर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चः

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १८२०६ | १३२२६ | ७२.६५ |
| सामाजिक विकास | २९१०७६ | २४६३३७ | ८४.६३ |
| पूर्वाधार विकास | १६५२०० | ११४७९० | ६९.४८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ७२१० | ६०६९ | ८४.१९ |
| कार्यलय सञ्चालन | ९३५३५ | ७९३५६ | ८४.८४ |
| **जम्मा** | **५७५२२७** | **४५९७८०** | **७९.९३** |

उपरोक्तानुसार कुल खर्च मध्ये पूर्वाधार विकासमा ६९.४८ प्रतिशत खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

## १४ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १४ | ७२५ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १८६ | ३३६६५ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५१ | २२७०० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २३ | १७५५० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १० | १५०९६ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १० | ९०५०० |
|  | **जम्मा** | **२९४** | **१८०२३६** |

५ लाख भन्दा कमका २५१ योजना अर्थात ८५ प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

## १५ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०८०।८१ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछर्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम असुल फछर्यौट गरि प्रमाण पेश गर्नुपर्ने रु

<table>
<tr><th>भौ नं र मिति</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<u>ब्याक हो लोडर संचालन:</u><br>
सार्वजनिक निर्माण कार्य गर्दा पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम गर्नुपर्दछ । पालिकाले ब्याक हो लोडर संचालनमा ल्याएकोमा आर्थिक वर्ष २०८०/०८१ को अन्तिमसम्म कुल १४७७ घण्टा काम गरेकोमा सो मध्ये १०३० घण्टा काम सरसफाईमा लोडर प्रयोग भएको देखिएकोमा प्राविधिक स्टिमेट तथा मूल्याङ्कन बिना काम गर्दै आएको र व्यक्तिगत प्रयोजनका लागि प्रयोग भएको डोजरको बहाल वापतको बाँकी रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>व्यक्तिको नाम</th><th>तिर्नुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>विष्णु राईथोक</td><td>४८६०</td></tr>
<tr><td>२</td><td>रानीपोखरी शम्भु राईबाट</td><td>९४५०</td></tr>
<tr><td>३</td><td>श्री बहादुर नेपाली (ढुङ्गा खानि)</td><td>३५१०</td></tr>
<tr><td>४</td><td>चन्द्रे ऋषिङ्ग ८</td><td>८१००</td></tr>
<tr><td>५</td><td>विष्णु झेडी</td><td>७२९०</td></tr>
<tr><td>६</td><td>लालबहादुर अर्खलछाप</td><td>५४००</td></tr>
<tr><td>७</td><td>भरतकुमार श्रेष्ठ चारघरे</td><td>८१००</td></tr>
<tr><td>८</td><td>सन्त बहादुर नेपाली (ढुङ्गा खानि)</td><td>१५१२०</td></tr>
<tr><td>९</td><td>नरबहादुर सोती</td><td>१३५००</td></tr>
<tr><td>१०</td><td>ढुङ्गा खानी वडा नं २</td><td>४०५०</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>रु.७९,३८०</td></tr>
</table>
</td><td>७९३८०</td></tr>
<tr><td></td><td>
<u>बढी भुक्तानी:</u><br>
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाचँ गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्नानुसारको भुक्तानीमा विल भन्दा वढि भुक्तानी भएको असुल हुनुपर्ने रु
<table>
<tr><th>भौचर</th><th>मिति</th><th>कारोवारको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>७२</td><td>२०८०/१०/०८</td><td>झटारे रेसौ पक्की नाला निर्माण योजनामा<br>गाउँपालिकाको डोजर प्रयोग गरेवापतको रु ३२७७८.०९ घटाई भुक्तानी गर्नुपर्नेमा पुरा विनियोजित रकम नै भुक्तानी गरिएकोले बढी भुक्तानी गरिएको रकम असुल हुनुपर्ने</td><td>३२७७८</td></tr>
<tr><td>१०६</td><td>२०८०/११/०८</td><td>सुन्दरडाँडा खेल मैदान निर्माण योजनामाबहालकर १०६२५ कम काटिएको देखिएकोले असुल हुनुपर्ने</td><td>१०६२५</td></tr>
<tr><td>२५३</td><td>२०८१/०२/०२</td><td>गोरेडाडा सन्यासीटार खानेपानी योजना वडा नं ६ लाई रु.३१७३६.७५ बराबरको मुल्याङ्कन कम भएपनि भुक्तानी विनियोजन<br>रकम बराबरको गरिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने</td><td>३१७३६.७५</td></tr>
</table>
</td><td>७५१३९</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायि अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ । तथा एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या,२०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले तपसिलका कार्यक्रम यसप्रकार संचालन गरेको देखिन्छ :<br>· व्यवसायिकबंगुरपालनकोलागि खोर सुधार कार्यक्रम र व्यवसायिक<br>कुखुरापालनको लागि खोर सुधार कार्यक्रम शिर्षकबाट कुल रकम रु २५००००।- लाई चालु खर्च शिर्षकको भौचर नं ३९४ बाट कार्यपालिका निर्णय गरी कार्यक्रम परिवर्तन गरी औषधी खरिद गरिएको रकम अनियमित देखिएको रआपथोक चारघरे आमा समुह भवन निर्माण योजनालाई आपथोक चारघरे आमा समुह भवन निर्माण शिर्षकबाट रु.७,००,०००।- र शहिदगगंगा मा.वि कम्पाउण्ड निर्माण खेलमैदान तथा खा.पा. मर्मतबाट रु.६६,४००।- गरी कुल रु.७,६६,४०० भुक्तानी गरिएकोमा उक्त रु.६६,४०० अनियमित देखिएको रु | ३१६४०० |
| | **भ्रमण खर्च:**<br>भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायति हुनुपर्ने सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायति कम खर्चिलो वा सवारी साधनको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको पाईन्छ तथा नियम ७ मा फिल्ड भत्ता पाईरहेका कर्मचारीहरुले आफु कार्यरत जिल्लाभित्र भ्रमणमा रहदा यस नियमावली बमोजिम दैनिक भ्रमण भत्ता र होटल बास खर्च पाउने छैन भनि व्यवस्था भएकोमा यस पालिकामा फिल्ड भत्ता पाईरहेका ईन्जिनियरिङ तर्फका प्राविधिक कर्मचारीहरुले भ्रमण भत्ता पनि बुझिरहको हुंदा सो प्रणालीलाई नियन्त्रण गर्नुपर्दछ । | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७०,९१९ |

१६ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ३२ जना स्थायी कर्मचारीलाई रु. १ करोड ९६ लाख ७२ हजार तलब भुक्तानी गरेको छ भने स्वास्थ्य तर्फका २६ कर्मचारीको २ करोड २ लाख ८१ हजार खर्च लेखेकोमा लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

१७ **दरबन्दी र पदपुर्ती -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित संघिय सरकारबाट स्विकृत तथा पालिकाबाट स्विकृत प्राविधिक, स्वास्थ्य चौकी तर्फ, कृषि तथा पशु तर्फ गरी जम्मा ४७ दरबन्दी रहेका छन भने १४ पद रिक्त रहेका छन र कतिपय करार कर्मचारी रहेको देखिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । साथै करारवाट नगरपालिका तथा ८ वटै वडाका लागि विशेष गरी स्वास्थ्य तर्फ २४ र गापा करार ४० जना रहेको देखिएको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरी पालिकालाई आवश्यक दरबन्दी पारित गराई स्थाई पदपूर्ति गर्नुपर्दछ ।स्थाई कर्मचारी नियुक्ति गरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य स्थाई पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **कर्मचारी करार :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा पालिका करार तर्फ ४३ , स्वास्थ्य करार २२ गरी जम्मा

६५ जना कर्मचारीहरु करारमा राखी रु. १६४९९९६३ भुक्तानी दिइ खर्च लेखेको छ । जस मध्ये स्वीकृत दरबन्दी भन्दा बाहीरको कर्मचारी करारमा भर्ना गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिने हुदा यसमा नियन्त्रण गरिनु पर्दछ ।

१९ **तनहुँ हाईड्रो पावर टनेलको गेग्रान विक्री ठेक्काः**

निर्माणाधिन तनहुँ हाईड्रोको टनेल खन्ने क्रममा रिसिङ्ग गाउपालिका वडा नं १ होक्सेटार क्वारी साईटमा ६६००० घन मिटर गेग्रान निस्केको र सोको विक्री वितरण गर्ने उदेश्यले पालिकाले रु १९९२३०००।०० मा मिति २०८०।११।२९ मा एल एन सप्लायर्ससंग सम्झौता गरेको छ ।

यस फाईल अध्ययन गर्दा देखिएका व्यहोराः

१९.१ सम्झौताको वुंदा नं (ल) मा ठेक्का अंकलाई २ किस्तामा विभाजन गरिएको । पहिलो किस्तामा ५० प्रतिशत वांकी ५० प्रतिशत दाखिला गर्ने र ५० प्रतिशत पर्फमेन्स ग्यारेनण्टी पेश गरेको हुनुपर्नेमा सम्झौतामा उल्लेख भएअनुसार रकम दाखिला भएको देखिएन । जस अनुसार सम्झौता गर्दा ५० प्रतिशत रकम रु.९९६१५००।०० दाखिला हुनुपर्नेमा रु. ९६४१५००।०० दाखिला भएको साथै अन्तिम किस्तामा समेत रु.९६९८०००।०० दाखिला गर्नुपर्नेमा घटी दाखिला गरेको पाईयो समग्रमा रु १९३३९५००।०० दाखिला भएको रु ५८३५००।०० वांकी नै देखिएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८३,५०० |

१९.२ सम्झौताको वुंदा नं ज्ञ(१) अनुसार प्राकृतिक स्रोतको संकलन तथा विक्री गर्दा दोश्रो पक्षले तीन प्रति रसिद छपाई गरी के कति परिमाणमा उत्खनन गरेको हो पालिकामा विवरण पेश नगरेकोले सोही परिमाणमा विक्री गरेको हो होईन सुनिश्चित गर्न सकिएन । पालिकाले निजसंग विवरण माग गरी नियन्त्रण गर्नुपर्दछ ।

१९.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२,२६४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१९.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२६१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१९.५ सम्झौताको वुंदा नं (ज्ञ) अनुसार २०८१ जेठ भित्र सम्पूर्ण रकम दाखिला गर्नुपर्नेमा ३ महिना ढीला गरि दाखिला गरेकोले ढिला दाखिला गरेको रकम रु ९६ लाख ९८ हजारको वांकी रकममा १० प्रतिशत जोडी सरकारी वांकी सरह असुल गरिने उल्लेख छ । तसर्थ घटी दाखिला भएको रकमको नियमानुसार व्याज समेत असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४२,४५० |

२० **सभाहल निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ दफा ९७ वमोजिम स्थानीय तहले सार्वजनिक तथा सामूदायीक सम्पति वेचविखन तथा हक हस्तान्तरण गर्न पाईदैन । त्यस्तै भूमिसम्वन्धी ऐन,२०२१ ले पनि सार्वजनिक जग्गा( जस्तै खोलाकिनार, नदी किनार, वनक्षेत्र, सार्वजनिक पार्क, पर्ती जग्गा) आदिमा संरचना निर्माण गर्दा नेपाल सरकारको अनुमति लिनुपर्ने उल्देख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले पनि सार्वजनिक जग्गाको रेखदेख संरक्षण गर्ने दाखित्व मात्र स्थानीय तहको भएको उल्लेख गरेको छ ।

यहाँ संघीय सरकारको कोष, प्रदेश सरकारको कोष र स्थानीय स्यमंको कोषवाट खर्च भई निर्माण हुने सार्वनजिक भवन तथा सामूदायिक भवन समेतमा सरकारको दायित्व हुन्छ ।

यस सभाहल फाईल अध्ययन गर्दा देखिएका व्यहोरा निम्न छनः

२०.१ यस पालिकाले वडा नं १ झापुटार स्थित रु.१ करोड ५२ लाख ५८ हजारको लागतमा सभाहल निर्माण गर्ने उदेश्यले हरिशान्ति कन्स्ट्रकस्न संग मिति २०७९।०१।२२ मा निर्माण सम्झौता गरेको देखियो ।सभाहल निर्माण स्थल सार्वजनिक जग्गामा निर्माण भएको तर निर्माण पूर्व नेपाल सरकारको सहमति लिई कार्य नगरेकोले पालिकाको स्वामित्वमा उक्त जग्गा प्राप्त भएको देखिएन । यस सम्वन्धमा पालिकामा सोधपुछ गर्दा सार्वजनिक जग्गामा निर्माण भएको जनाएको तर कुनै आधिकारीक प्रमाण पेश गरेको देखिएन। अत: जग्गा शुनिश्चित नभई वा जग्गाधनी पूर्जा वेगर पर्ति जग्गामा भवन निर्माण भएको नियम संगत देखिएन। पालिकाले जग्गा प्राप्ती गरी निर्माण भएको भवन आफ्नो नाममा कायम गर्नुपर्दछ ।

२०.२ GCC ७१.१ मा निर्माण व्यवसायीले निर्माण सम्पन्न भएपछि एजविल्ड ड्रईङ पेश गर्नुपर्ने र पेश नगरेमा केही रकम कट्टा गर्नुपर्नेमा यस ठेक्कामा त्यस्तो व्यवस्था राखेको पाईएन । सम्झौतामा नै सो प्रावधान राखी पेश नगरेमा निजले पाउने रकमवाट कट्टा गरी वांकी रकम भुक्तानी हुनुपर्दछ ।

२०.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(क) वमोजिम निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न नभएमा रिभाईज वर्क सेड्युल माग गर्नुपर्ने र थप व्ययभार नपर्ने गरी माईलस्टोन तोकी म्याद थप हुनुपर्नेमा सो नगरी थप गरेको छ । नियमावलीको पालना हुनुपर्दछ ।

२१ **राजस्व लक्ष्य तथा असुलीः**

पालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्धढ वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ

रु हजारमा

| **आर्थिक वर्ष २०७८।०७९** | | **आर्थिक वर्ष २०७९।०८०** | | **आर्थिक वर्ष २०८०।०८१** | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ३९३६१ | २०५३२ | २७६३५ | २७५७३ | ५८२८५ | ३६७३० |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ५२.१६ प्रतिशत, २०७९।८० मा ९८ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ६३.६६ प्रतिशत असुली भएको अवस्था छ । यो वर्षको राजस्व असुलीमा ६३.६६ प्रतिशत मात्र प्रगति देखिंदा कार्यसम्पादन स्तर घटेको छ । वार्षिक वजेट तथा नीतितथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

२२ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

रु हजारमा

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | १००० | ११६ | ११.१६ |
| भूमिकर मालपोत | १००० | ३०८७ | ३००.८७ |
| वहालकर | ५०० | १४८ | २९.६ |
| सिफारिस दस्तुर | १००० | १८६१ | १८६.६१ |
| व्यवसायकर | २०० | ० | ० |
| दहत्तर वहत्तर | २९३८५ | १०२९० | ३५.१७ |
| नक्सापास दस्तुर | ६००० | ० | ० |
| अन्य | १९२०० | २१२२९ | ११०.६५ |
| जम्मा | ५८२८५ | ३६७३१ | **६३** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ६३ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली ११.१६, भूमिकर वहालकरमा लक्ष्यको तुलनामा २९.६ प्रतिशत, व्यवसाय करमा शुन्य र दहत्तर वहत्तर करमा ३५.१७ प्रतिशत मात्र असुली हुनुले समग्र राजस्व असुलिमा प्रभाव परेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

२३ **आन्तरिक र खर्च आयको विश्लेषणः**

पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ३६७३०७८९।०० | ४५९७८०१९३ | ७.९८ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ४५ करोड ९७ लाख ८० रहेको छ भने राजश्व संकलन ७४ लाख १० हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको ७.९८ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

२४ **घरभाडा आम्दानीः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ५ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची ३ वमोजिम संस्थाको हकमा १० प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु ५ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. १ लाख ४८ हजार असुली भएको छ । लक्ष्य अनुसार राजस्व असुल भएतापनि घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

२५ **सम्पत्ति करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु १० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु १ लाख १६ हजार असुली भई ११ प्रतिशत रहेको छ । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

२६ **नक्सापासः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ११ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ०९ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । यो वर्ष नक्सापासमा ६० लाख असुल गर्ने लक्ष्य राखेकोमा प्रगति भएको छैन । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

२७ **व्यवसायकरः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । व्यवसाय करमार्फत यसवर्ष रु. २ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा यस शीर्षकमा असुली भएको छैन ।असुली नहुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

२८ **वक्यौता व्यवस्थापन प्रणालीः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

२९ **आय ठेक्का नलागेकोः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वन्दिपुर कन्सल्टेन्सी प्रालि संग सम्झौता गरी २०७९ मंशिरमा २ वर्षको लागि आई ई ई गरेको छ । जसअनुसार पालिकाको कार्यक्षेत्रका ९ वटा बगरको गिट्टी, ढुंगा, बालुवा संकलन एवं विक्री वितरण गर्न आई .ई .ले सिफारिस गरेको विवरण निम्नानुसार उल्लेख गरिएको छ । आई ई ले सिफारिस गरेको ९ स्थानमध्ये यस वर्ष २ स्थानमा तनहुँ हाईड्रोले उपयोग गरेवाहेक अन्य क्षेत्रको राजश्व संकलन गरेको देखिदैन । सो क्षेत्रमा ठेक्का नलागेता पनि पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्ने तर्फ ध्यान दिएको देखिएन । ठेक्का व्यवस्थापन नभएका क्षेत्रवाट करिव रु.१ करोड १ लाख ५८ हजार राजस्व आम्दानी हुने देखिएकोमा यस वर्ष तनहुं हाईड्रोको राजस्व वाहेक अन्य घाटवाट राजस्व असुल नै भएको छैन जसले गर्दा पालिकाको आम्दानीमा नोक्सानी पुगेको देखिन्छ । पालिकाले ठेक्का नलागेको क्षेत्रमा अमानतबाट समेत राजस्व संकलन गरी आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिनुपर्छ ।

| क्रस | बगरको नाम | उत्खनन हुने अधिकतम परिमाण घ मी(३५.३२) | प्रदेशको दर | कैफियत |
|---|---|---|---|---|
| १ | टुनीवोट | ४४२८ | ९ | वोलपत्र स्वीकृत भएन |
| २ | ढोकर्देघाट | ३९१२ | ९ | सम्झौता गर्न नआएको |
| ३ | हुक्सेकोट | ० | ९ | उत्खखन गर्न सिफारिस नभएको |
| ४ | झापुटार | ८१३३ | ९ | ठेक्का सुचना जारी ठेक्का नपरेको |
| ५ | वेलटार | १५७५० | ९ | तनहुं हाईड्रोले प्रयोग गरेको |
| ६ | पड्केटार | ८४२४ | ९ | |
| ७ | साँढेवगर | २३७६ | ९ | क्वारी साईटमा पहुंचमार्ग नभएकोले ठेक्का लागेन |
| ८ | डुलुम | ६६५३ | ९ | |
| ९ | गोरावगर | ६५२१ | ९ | |
| **जम्मा** | | **५६१९७** | | **१७८२८४९८।००** |

३० **दाखिला वांकी मू.अकरः**

३०.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१९६,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२२,५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३१ **ढुंगा गिटी वालुवाको करः**

३१.१ गाँउपालिकाको मिति २०८०।०७।१९ को निर्णयानुसार २०७९ रिसिङ गाउपालिका वडा नं १ मा रहेको( सेतिघाटस्थित वेलटार घाट क्षेत्र र पट्केवगर घाट क्षेत्रको) २४१७४ घन मिटरको रु ८४ लाख ५२ हजार २७ राजस्व दाखिला गर्ने गरी निर्माणाधिन तनहू हाईड्रोलाई दिने निर्णय भएकोमा २०८१ आषाढ सम्म निज हाईड्रोले पालिकाको खातामा रु ६३ लाख ५५ हजार ७०० मात्र दाखिला भएकोमा दाखिला हुन वाँकी रकम रु २०९६३२७।०० दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २०,९६,३२७ |
|---|---|

३१.२ मू.अ.कर.ऐन २०५२ को दफा ८ अनुसार दाखिला गर्नुपर्ने १३ प्रतिशत मू अ.कर रकम पालिकाले संघीयकोषमा दाखिला गरेको छैन । नियमानुसार दाखिला हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ८,२६,२४१ |
|---|---|

३१.३ आयकर ऐन २०५८ को दफा ८९(१) वमोजिम १.५ प्रतिशतले हुने अग्रिम कर कट्टी रकम १२६७८४।०० दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,२६,७८४ |
|---|---|

३२ **वाँडफाँटमा आधारित राजस्व( विभाज्य रकम)ः**

प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ८(५) मा सम्बन्धित स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर, बहत्तर शुल्क आम्दानीको ६० प्रतिशत स्थानीय सञ्चित कोषमा चालीस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तर वापत यस वर्ष रु १ करोड २ लाख ९० हजार असुल गरेकोमा सो को ४० प्रतिशतले हुन आउने रु ४१ लाख १६ हजार प्रदेश सञ्चित कोषमा दाखिला नगरेकोमा प्रदेश कानुनको प्रावधान बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४१,१६,००० |
|---|---|

३३ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १४ लाख ७७ हजार ५ सय कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाईका आधारमा मात्रै खर्च लेखेकोले खर्चको उद्देश्य र यथार्थतामा यकिन भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

| कन्टिन्जेन्सी रकमको विवरण | खर्च रकम |
|---|---|
| दैनिक भ्रमण | १,७२,१०० |
| फिल्ड भत्ता | ११,५०,९०० |
| कर्मचारी वैठक भत्ता | १,५४,५०० |
| जम्मा रकम | १४,७७,५०० |

३४ **डि.पि.आर तयारी तथा कार्यान्वयनः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | बाहविसे ज्वालाखोला तालको सम्भाव्यता अध्ययन | नब्य टेक्नोलोजी प्रा लि | २ लाख ४९ हजार | २ लाख ४५ हजार | १.६० | कोटेशन |
| २ | सवारी साधनको पार्किङ्ग प्राविधिक ल्याव भवन स्ववास्थ्य गोदाम भवन सवारी चालकको भवन र बगैचा अध्ययन | प्रेष्ट्रिज ईन्जिरियरिङ्ग सर्भिसेज प्रा.लि | १ लाख | ९८ हजार ५ सय | १.५० | कोटेशन |
| ३ | गाउँपालिकाको प्रोफाईल निर्माण | फोर जि ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | १९ लाख ९९ हजार | १९ लाख ९४ हजार | ०.२५ | RFT |
| ४ | पहिरो जोखिम न्युनिकरण | जिनेक्श ईन्जिनियरिङ सोलुसन प्रा लि | ९ लाख ९९ हजार | ९ लाख ९४ हजार | ०.५० | RFT |
| | **जम्मा** | | ३३ लाख ४७ हजार | ३३ लाख ३१ हजार | ०.९९ | |

उपरोक्त विवरण अनुसार पालिकाले डि. पि. आर. तयारीमा सेवा कार्यमा कोटेशन र RFT विधिबाट ४ वटा सेवा खरिदका लागि जम्मा रु.३३ लाख ४७ हजारको लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ३३ लाख ३१ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.९९ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । सि नं १ र २ को योजना डि. पि. आर. भएको भएकतापनि कार्यान्वियनमा गएको छैन । कार्यान्वियनमा नजानुको कारण पहिचान गरी खर्च भएको रकमको पारदर्शिता कायम गर्दे पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३५ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका २० विद्यालयहरुलाई ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले भुक्तानी भएकोमा १८ विद्यालयको ईन्टरनेट जडान भएको बिल पेश नहुनुको साथै पालिकाले अनुगमन गरेको समेत नपाईएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

| क्र.सं. | विधालयको नाम | रकम |
|---|---|---|
| १ | श्री शिव सरस्वती माध्यमिक विधालय | १२००० |
| २ | श्री श्रृङग माध्यमिक विधालय | १२००० |
| ३ | श्री जयदुर्गा माध्यमिक विधालय | १२००० |
| ४ | श्री बाल शिक्षा निकेतन माध्यमिक विधालय | १२००० |
| ५ | श्री शहीद गंगा माध्यमिक विधालय | १२००० |
| ६ | श्री बाल विकास माध्यमिक विधालय | १२००० |
| ७ | श्री शुक्ला माध्यमिक विधालय | १२००० |
| ८ | श्री अम्मर माध्यमिक विधालय | १२००० |
| ९ | श्री शान्ती माध्यमिक विधालय | १२००० |
| १० | श्री दीपक माध्यमिक विधालय | १२००० |
| ११ | श्री अमर आधारभुत विधालय | १२००० |
| १२ | श्री सिद्ध आधारभुत विधालय | १२००० |
| १३ | श्री राष्ट्रिय आधारभुत विधालय | १२००० |
| १४ | श्री सरस्वती आधारभुत विधालय - ६ | १२००० |
| १५ | श्री राधा आधारभुत विधालय | १२००० |
| १६ | श्री सरस्वती आधारभुत विधालय - ३ | १२००० |
| १७ | श्री भिर्कोट आधारभुत विधालय | १२००० |
| १८ | श्री पध ज्योति आधारभुत विधालय | १२००० |
| | जम्मा | २१६००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१६,००० |

३६ **आर्थिक लेखापरीक्षण :**

कार्यक्रम कार्यान्वयन पुस्तिकाकाको क्रियाकलाप नं २.७.१३.१० मा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षण गर्नका लागि आधारभुत विद्यालयलाई प्रति विद्यालय रु. १०,००० र माध्यमिक विद्यालयलाई प्रति विद्यालय रु. १५,००० का दरले अनुदान उपलव्ध गराउने व्यवस्थानुसार पालिकाद्धारा भौ.नं ११४।२०८१-३-१७ बाट ४३ वटा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षणको लागी रु. ४९५०००।०० निकासा भएकोमा लेखापरीक्षणको अवधिसम्म आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र.सं | विधालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | शिव सरस्वति माध्यमिक विधालय | १५००० |
| २ | श्रृङ्ग माध्यमिक विधालय | १५००० |
| ३ | महेन्दोदय माध्यमिक विधालय | १५००० |
| ४ | जयदुर्गा माध्यमिक विधालय | १५००० |
| ५ | बालशिक्षा निकेतन माध्यमिक विधालय | १५००० |
| ६ | शहीद गंगा माध्यमिक विधालय | १५००० |
| ७ | बाल विकास माध्यमिक विधालय | १५००० |
| ८ | शुक्ला माध्यमिक विधालय | १५००० |
| ९ | अम्मर माध्यमिक विधालय | १५००० |
| १० | शान्ती माध्यमिक विधालय | १५००० |
| ११ | दिपक माध्यमिक विधालय | १५००० |
| १२ | अमर आधारभूत विधालय | १०००० |
| १३ | सिद्ध आधारभूत विधालय | १०००० |
| १४ | राष्ट्रिय आधारभूत विधालय | १०००० |
| १५ | धर्म आधारभूत विधालय | १०००० |
| १६ | सरस्वती आधारभूत विधालय - ६ | १०००० |
| १७ | राधा आधारभूत विधालय | १०००० |
| १८ | सरस्वती आधारभूत विधालय - ३ | १०००० |
| १९ | भिरकोट आधारभूत विधालय | १०००० |
| २० | पथ ज्योति आधारभूत विधालय | १०००० |
| २१ | सहवीर आधारभूत विधालय | १०००० |
| २२ | चन्द्र ज्योति प्राथमिक विधालय | १०००० |
| २३ | अरुण प्राथमिक विधालय | १०००० |
| २४ | जलदेवी प्राथमिक विधालय | १०००० |
| २५ | अमरज्योति प्राथमिक विधालय | १०००० |
| २६ | अजम्बरी प्राथमिक विधालय | १०००० |
| २७ | भाष्कर प्राथमिक विधालय | १०००० |
| २८ | लालीगुराँस प्राथमिक विधालय | १०००० |
| २९ | चण्डी प्राथमिक विधालय | १०००० |
| ३० | महेन्द्र ज्योति प्राथमिक विधालय | १०००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | नाग प्राथमिक विधालय | १०००० |
| ३२ | जनजागृति प्राथमिक विधालय | १०००० |
| ३३ | बाराही प्राथमिक विधालय | १०००० |
| ३४ | ज्यामिरे माई प्राथमिक विधालय | १०००० |
| ३५ | गणेश प्राथमिक विधालय | १०००० |
| ३६ | शिबशक्ति प्राथमिक विधालय | १०००० |
| ३७ | कृष्ण प्राथमिक विधालय | १०००० |
| ३८ | शिव सुन्दर प्राथमिक विधालय | १०००० |
| ३९ | जनशक्ति प्राथमिक विधालय | १०००० |
| ४० | जलदेवी प्राथमिक विधालय - ३ | १०००० |
| ४१ | जलदेवी प्राथमिक विधालय - ४ | १०००० |
| ४२ | कालिका प्राथमिक विधालय | १०००० |
| ४३ | जीवन प्राथमिक विधालय | १०००० |
| ४४ | बालादेवी प्राथमिका विधालय | १०००० |
| | जम्मा | ४९५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,००० |

३७ **प्राविधिक शिक्षा सञ्चालन अनुदान :**

CTEVT को मापदण्ड बमोजिम सामुदायिक विधालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान वापत श्री शिव सरस्वती माध्यमिक विधालयलाई भौचर नं.८७ मिति २०८१।२।१६ बाट रु.२५४७१६।– निकासा भएकोमा सम्झौता बमोजिमको विधालय व्यवस्थापन समितिको निर्णय, खर्चको फाँटवारी सहीत प्रगति प्रतिवेदन लेखापरीक्षणको अवधि सम्म पनि प्राप्त नभएकोले प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५४,७१६ |

३८ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ४४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं | विधालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थि अनुपात |
|---|---|---|---|---|
| १ | शिव सरस्वति माध्यमिक विधालय | १९ | ५३१ | १:२७ |
| २ | श्रृङ्ग माध्यमिक विधालय | १२ | १३५ | १:११ |
| ३ | महेन्दोदय माध्यमिक विधालय | १२ | १६९ | १:१४ |
| ४ | जयदुर्गा माध्यमिक विधालय | १२ | १२८ | १:१० |
| ५ | बालशिक्षा निकेतन माध्यमिक विधालय | १० | १३९ | १:१३ |
| ६ | शहीद गंगा माध्यमिक विधालय | १६ | ३२९ | १:२० |
| ७ | बाल विकास माध्यमिक विधालय | १७ | २३१ | १:१४ |
| ८ | शुक्ला माध्यमिक विधालय | १६ | ४९७ | १:३१ |
| ९ | अम्मर माध्यमिक विधालय | ११ | १४४ | १:१३ |
| १० | शान्ती माध्यमिक विधालय | ९ | ९८ | १:१० |
| ११ | दिपक माध्यमिक विधालय | ९ | २३२ | १:२५ |
| १२ | अमर आधारभूत विधालय | ७ | ९३ | १:१३ |
| १३ | सिद्ध आधारभूत विधालय | ६ | ८१ | १:१४ |
| १४ | राष्ट्रिय आधारभूत विधालय | ७ | ६० | १:८ |
| १५ | धर्म आधारभूत विधालय | ७ | १२४ | १:१८ |
| १६ | सरस्वती आधारभूत विधालय - ६ | ६ | ६१ | १:१० |
| १७ | राधा आधारभूत विधालय | ६ | ८५ | १:१४ |
| १८ | सरस्वती आधारभूत विधालय - ३ | ६ | ६४ | १:११ |
| १९ | भिरकोट आधारभूत विधालय | ६ | ५८ | १:१० |
| २० | पध ज्योति आधारभूत विधालय | ७ | ७८ | १:११ |
| २१ | सहवीर आधारभूत विधालय | २ | ५७ | १:१३ |
| २२ | चन्द्र ज्योति प्राथमिक विधालय | ३ | ३२ | १:१० |
| २३ | अरुण प्राथमिक विधालय | २ | २२ | १:११ |
| २४ | जलदेवी प्राथमिक विधालय | ३ | २६ | १:८ |
| २५ | अमरज्योति प्राथमिक विधालय | ३ | २० | १:७ |
| २६ | अजम्बरी प्राथमिक विधालय | ३ | २२ | १:७ |
| २७ | भाष्कर प्राथमिक विधालय | ३ | २९ | १:९ |
| २८ | लालीगुराँस प्राथमिक विधालय | २ | २४ | १:१२ |
| २९ | चण्डी प्राथमिक विधालय | ३ | ४१ | १:१३ |
| ३० | महेन्द्र ज्योति प्राथमिक विधालय | ३ | ५२ | १:१७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनजागृति प्राथमिक विधालय | २ | ३७ | १:१८ |
| ३२ | बाराही प्राथमिक विधालय | २ | १६ | १:८ |
| ३३ | गणेश प्राथमिक विधालय | २ | ४६ | १:२३ |
| ३४ | शिवशक्ति प्राथमिक विधालय | २ | २३ | १:११ |
| ३५ | कृष्ण प्राथमिक विधालय | २ | ३६ | १:१८ |
| ३६ | शिव सुन्दर प्राथमिक विधालय | २ | १९ | १:१० |
| ३७ | जनशक्ति प्राथमिक विधालय | २ | २० | १:१० |
| ३८ | जलदेवी प्राथमिक विधालय - ३ | १ | २९ | १:२९ |
| ३९ | कालिका प्राथमिक विधालय | २ | ३१ | १:१५ |
| ४० | जीवन प्राथमिक विधालय | १ | १९ | १:१९ |
| ४१ | बालादेवी प्राथमिक विधालय | १ | ०( शुरु वर्ष ) | १:१५ |
| ४२ | ज्यामिरे माई प्राथमिक विधालय | ० | ६ | ०:६ |
| ४३ | नाग प्राथमिक विधालय | १ | १० | १:१० |
| ४४ | जलदेवी प्राथमिक विधालय - ४ | १ | १५ | १:१५ |
| | जम्मा | २४९ | ४५५० | १:१५ |

३९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ क्रियाकलाप नं २.७.१३.१३ को ९.३ मा भएको व्यवस्था अनुसार स्थानीय तहले शैक्षिक,व्यवस्थापकीय सुधार,शुसासनमा उत्कृष्ट कार्य गरेका विधालयलाई दुई लाख देखि तिन लाख अनुदान दिने र विधालयले सो अनुदान रकमको ब्यबस्थापन समितिका निर्णय अनुसार खर्च गरी सम्पादित कार्यको प्रगति प्रतिवेदन, समितिको निर्णय, बिल भरपाई लगायतका कागजातहरु सम्बन्धित स्थानिय तहलाई बुझाउनुपर्ने र पालिकाले अनुदानको उपयोगको अवस्थाको सम्बन्धमा अनुगमन गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले निम्न विधालयलाई शैक्षिक,व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरे वापत रु.५०००००।०० अनुदान दिएकोमा लेखापरीक्षण अवधि सम्म पनि सम्पादित कार्यको प्रगति प्रतिवेदन, बिधालय ब्यबस्थापन समितिको निर्णय, बिल भरपाई,अनुगमन प्रतिवेदन लगायतका कागजातहरु पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| विधालयको नाम | कार्यक्रम | अनुदान रकम |
|---|---|---|
| श्री शुक्ला माध्यमिक विधालय, ऋषिङ - १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | ३०००००।- |
| श्री बाल शिक्षा निकेतन माध्यमिक विधालय, ऋषिङ - ८ | कार्यसम्पादनमा आधारित प्रोत्साहन | २०००००।- |
| | जम्मा | ५०००००।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४० **छात्रवृत्ति :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ को क्रियाकलाप नं.७.२.१.१ (क) अनुसार ग्रैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विधालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विधालयहरुलाई अनुदान दिने र विधालयले शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र विधार्थिलाई वितरण गरिसक्नुपर्ने एवम स्थानीय तहले विधालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता

अनुगमन गर्ने उल्लेख भएकोमा लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले सार्वजनिक विधालयमा अध्ययनरत छात्रा विधार्थिहरुका लागि रु.४०० का दरले छात्रावृत्ति अनुदान IEMIS डाटा अनुसार उपलब्ध गराएकोमा विधालयबाट भरपाई पेश हुँदा निकासा विधार्थी संख्या भन्दा कम संख्यामा भरपाई प्राप्त भएकोले वितरण नभई विधालयमा बाँकी रहेको रकम सम्बन्धित विधालयबाट असुल गरि संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| विधालयको नाम | निकासा भएको विधार्थि संख्या | विधार्थि भरपाई संख्या | वढी निकासा रकम |
|---|---|---|---|
| शिव सरस्वती माध्यमिक विधालय | १०७ | १०३ | १६०० |
| श्रृङ्ग माध्यमिक विधालय | ४० | ३८ | ८०० |
| धर्म आधारभूत विधालय | ५७ | ५५ | ८०० |
| राधा आधारभूत विधालय | ४४ | ४२ | ८०० |
| सरस्वती आधारभूत विधालय | २५ | २४ | ४०० |
| चन्द्र ज्योति प्राथमिक विधालय | १३ | १२ | ४०० |
| जनजागृती प्राथमिक विधालय | १७ | ११ | २४०० |
| | | जम्मा | ७२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२०० |

४१ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी पुस्तकालय, **ICT** र विज्ञान प्रयोगशाला वापत रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था रहेको छ । त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन लगायत कर दाखिला भौचर सम्बन्धित स्थानिय तहलाई बुझाउनु पर्दछ। पालिकाले निम्न विद्यालयलाई विज्ञान प्रयोगशाला पुस्तकालय र आई सि टी ल्यावका लागी लागि रु. ६,५०,००० का दरले अनुदान दिएकोमा विद्यालयले आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी खर्च गरेकोले सम्वन्धित विद्यालयवाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| बिधालयको नाम | विवरण | अनुदान रकम | अग्रिम कर ( १.५% ) |
|---|---|---|---|
| श्री अमर माध्यमिक विधालय, ऋषिङ - १ | पुस्तकालय तथा ICT ब्यवस्थापन | ६५०००० | ९७५०।- |
| श्री धर्म आधारभुत विधालय, ऋषिङ - ६ | बिज्ञान प्रयोगशाला ब्यबस्थापन | ६५०००० | ९७५०।- |
| | | जम्मा | १९५००।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५०० |

४२ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

४३ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | २४९ | १७८ | ७१ | ० | ४५५० |

उक्त विवरण अनुसार पालिकामा जम्मा २४९ दरबन्दी रहेकोमा १७८ जना स्थायी पदपूर्ति र ७१ राहत / करारमा नियुक्त गरी जम्मा २४९ पद्पुर्ति गरेको देखिन्छ भने कुनै पनि दरबन्दीको पद रिक्त रहेको छैन । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **विधालय सुधार योजना :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.१० को **(५.१) , (५.३)** मा आधारभुत र माध्यमिक विधालयहरुलाई विधालय सुधार योजना निर्माण तथा अधावधिक**,** अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान दिने तथा विधालयले यस क्रियाकलाप अन्तर्गत प्राप्त रकमबाट सरोकारवालाहरुको सहभागितामा विधालय सुधार योजनाका आधारमा तयार गरीएको वार्षिक कार्यान्वयन योजनाअनुसारको प्रगति पेश गर्नुपर्ने व्यबस्था भएकोमा देहायका विधालयहरुले लेखापरीक्षणको अवधि सम्म पनि प्रगति प्रतिवेदन पेश गरेको नपाईएको प्रमाण पेश गर्नुपर्ने रु

| क्र.सं | विधालयको नाम | रकम |
|---|---|---|
| १ | श्रृङ्ग माध्यमिक विधालय | २०००० |
| २ | जयदुर्गा माध्यमिक विधालय | २०००० |
| ३ | बाल विकास माध्यमिक विधालय | २०००० |
| ४ | दीपक माध्यमिक विधालय | २०००० |
| ५ | राधा आधारभूत विधालय | १५००० |
| ६ | भिर्कोट आधारभूत विधालय | १५००० |
| ७ | चन्द्र ज्योति प्राथमिक विधालय | १५००० |
| ८ | भाष्कर प्राथमिक विधालय | १५००० |
| ९ | लाली गुराँस प्राथमिक विधालय | १५००० |
| | जम्मा | १५५०००।- |

| प्रमाण पेश नगरेको | १,५५,००० |
|---|---|

४५ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक , चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९०४ जना रहेका छन। पालिकाले भौ. नं. १४६।२०८१-३-२२ बाट १०४७३ थान स्यानिटरी प्याड रु. ९९४९३५।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको स्यानिटरी प्याड विधालयलाई वितरण गर्न वाँकी रहेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै खरीद गरीएका सामान बिधालयलाई समयमै हस्तान्तरण गरी भरपाई पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ९,९४,९३५ |
|---|---|

४६ **बढी निकासा :**

माध्यमिक, आधारभुत तहका स्वीकृत दरबन्दी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान र प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालयका कर्मचारी व्यवस्थापन अनुदान शिर्षक अन्तर्गतका विद्यालयका शिक्षक तथा कर्मचारीलाई पालिकाले विधालयवाट प्राप्त माग फारमका आधारमा निकासा दिनुपर्नेमा उल्लेखित विधालयलाई माग फारम भन्दा बढी निकासा दिएको देखिएकोले वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु

| सि.न. | विधालयको नाम | चौमासिक निकासा | निकास भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | बाल विकास माध्यमिक विधालय | दोस्रो | २४०१४०२ | २४०४६०३ | ३२०० |
| २ | जलदेवी प्राथमिक विधालय | चौथो | १८८४७५ | १९१३५६ | २८८० |
| | | | | जम्मा | ६०८०।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०८० |

४७ **तलबी प्रतिबेदन :**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाका स्वास्थ्य तर्फका ३३ जना स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रु.२,०२,८१,९०७।०० खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

४८ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले विभिन्न फर्मवाट औषधिहरु खरिद गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति,ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,

• औषधि एकमुष्ट खरिद नगरि टुक्रा पारि खरिद गर्ने गरेको,

पालिकाले निर्देशिका अनुसार औषधि खरिद कार्यलाई व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.नं र मिति | आपुर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| ६४।०८१-१-१८ | क्यान्डेला मेडिकन्सर्न काठमाण्डौ , नेपाल | ई- विडिङ्ग | ८५६२८० |
| १०४।०८१-३-१४ | देउराली सर्जिमेड , पोखरा | कोटेशन | ३९९००० |

४९ **लगत कट्टा भएका व्यक्तीको भत्ता निकासाः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १० मा सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न वैंक द्धारा लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउंदै आएकोमा सामाजिक सुरक्षा भत्ता वितरण गरि वैंकमा वांकी रहेको तपशिल वमोजिमको रकम लेखापरीक्षण अवधिसम्म पनि फिर्ता नगरि वैंकमा मौज्दात रहेको देखिएकोले सम्वन्धित वैंकवाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

| वैंक | रकम |
|---|---|
| मेगा वैंङ्क | ९,७३३ |
| साग्रीला वैंङ्क | ६९,०५२ |
| कुमारी वैंङ्क | १,८०,७३० |
| जम्मा | २,५९,५१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५९,५१५ |

५० **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार पालिकाबाट यस वर्ष कृषि तथा पशु क्षेत्रमा देहाय बमोजिमको अनुदान वितरण गरेको छ ।

| क्र. स. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १० | ११,२६,७७२ |
| २ | पशु तर्फ | ३ | ५,२५,००० |
| | जम्मा | १३ | १६,५१,७७२ |

पालिकाले सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ साथै पालिकाले कृषि तथा पशु क्षेत्रमा वितरण गरेको अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ ।

५१ **१० शैयाको अस्पताल निर्माणः**

२०/NCB/works/77.78 रु.७ करोड ७७ लाख ५७ हजारको लागतमा मिति २०७८।०३।०६ मा २४ महिनामा सम्पन्न गर्ने गरी ओमवुद्ध हरितारा जे.भी संग सम्झौता गरेको छ ।२०८० आषाढ भित्र कार्य सम्पन्न हुन नसकी २०८१ आषाढ सम्म म्याद थप गरेको यस योजनाको हालसम्म वित्तीय प्रगति ७२ प्रतिशत रहेको छ । पालिकाले म्याद थप गर्नुपूर्व सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम १२० क. अनुसार म्यादथप गर्नुपूर्व रिभाईज्ड वर्क सेड्युल पेश गर्न लगाई गर्नुपर्नेमा सो नगरी म्याद थप गरेको छ । सार्वजनिक खरिद नियमावलीको तेह्रौ संशोधनको व्यवस्थालाई परिपालना हुनुपर्दछ ।

५२ **डण्डीमा ल्याप्सः**

उपभोक्ता तथा ठेक्का सम्झौतामा उल्लिखित आइटमहरूको कार्यको वास्तविक नापबमोजिमको परिमाणमा कबोल गरेको दर अनुसार ठेक्का रकमको भुक्तानी गर्नुपर्दछ । यस प्रशासकिय भवन निर्माणमा Foundation, Column, Beam, Slab आदिमा PCC for RCC works को कार्य गराउँदा यस आर्थिक वर्षको अन्तिम सम्म भुक्तानी भएको ११६.१४ मेट्रिक टन टिएमटी स्टील बारको प्रयोग भएको छ । पिसिसी गर्दा प्रयोग भएको स्टील बारको Density अनुसारको आयतनमा पिसिसी गर्दा सिमेन्ट, बालुवा र गिट्टीको प्रयोग हुँदैन । पिसिसी गर्दा स्टिलबारले (छड) ओगट्ने क्षेत्रलाई कुल पिसिसीको परिमाणबाट घटाई खुद पिसिसीको परिमाणमा मात्र निर्माण व्यवसायीको कबोल दरले पिसिसी वापतको रकम भुक्तानी दिनुपर्नेमा छडले ओगटेको आयतनसहित गणना गरी पिसिसीको परिमाणमा भुक्तानी दिएको पाइयो । टिएमटी स्टील बारको छुट्टै भुक्तानी हुने र छड प्रयोग गरेको स्थानमा पिसिसी नहुने हुँदा सो छडले ओगटेको लम्बाई र मोटाईबमोजिमको आयतनमा (Volume) पिसिसी वापत Tolerance Level वा अन्य कारण देखाई कार्य नभएको अवस्थामा भुक्तानी गर्न नमिल्ने हुँदा देहाय अनुसार प्रयोग भएको डण्डीको परिमाण अनुसार घटाई भुक्तानी गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | डण्डीको परमाण(के.जी) | डण्डीको घनत्व | परिमाण(घनमिटर) | दर ( ढलानको) |
|---|---|---|---|---|
| १ | ११६०१४ | ७८५० | ११६.१४ | १५००० |

## ५३ ठेक्का बन्दोवस्तः

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

( रु हजारमा)

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ५ | ६६५८१ | ० | ० | ३ | ५७७३९ | २ | ८८४२ | १ | २०११ |
| **शिलवन्दिबाट** | २ | २३६१ | ० | ० | १ | ८६९ | १ | १४९१ | २ | २३३७ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू.६ करोड ८९ लाख ४२ हजार लागतको ७ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएन, दोश्रो चौमासिकमा रु. ५ करोड ८६ लाख ०८ हजारको ४ वटा ठेक्का र तेस्रो चौमासिकमा १ करोड ३ लाख ३३ हजारको ३ ठेक्का व्यवस्थापन भएको देखिन्छ। यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ४३ लाख ४८ हजार बराबरको ३ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । पालिकाले समयमा ठेक्का व्यवस्थापन गरि सार्वजनिक खरिद प्रकृया प्रभावकारी वनाउनुपर्दछ ।

## ५४ समिति मार्फत विद्यालय निर्माणः

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । कार्यालयले निम्नानुसारका विद्यालय भवन निर्माणको लागि उपभोक्ता समिति गठन गरि ०० भुक्तानी गरेकोमा उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने तथा हस्तान्तरण नहुने प्रकृतिका सरकारी भवन निर्माण कार्यमा उपभोक्ता समिति गठन गरी कार्य गरेको छ । यस्तो कार्यमा प्रतिष्पर्धात्मक विधिवाट खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ को पालना गरी निर्माण गर्नुपर्नेमा नगरेकोले नियमसम्मत मान्न नसकीएको रु.

| गो भौ नं मिति | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १११/२०८०।११।०९ | धर्म मावि | १२००००००।०० | १२००००००।०० |
| ११५।२०८०।१२।२४ | अम्मर मा.वि | ६०००००।०० | ६०००००।०० |
| **जम्मा** | | | **१८०००००।००** |

| | |
|---|---|
| अनियमित भएको | १८,००,००० |

## ५५ विद्युत प्राधिकरणलाई भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ वमोजिम खर्च गर्दा मितव्ययी तवरले खर्च लेख्नुपर्दछ । पालिकाले त्रिशक्ति सामूदायिक विद्युत उपभोक्ता समितिको तर्फवाट मिति २०८०।०६।१३ वाट रु ८ लाख खर्च लेखेको छ । पालिकासंग असम्वन्धित संस्थालाई भुक्तानी दिंदा पालिकालाई थप आर्थिक व्ययभार पर्ने देखिन्छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

५६ **उपभोक्ता समितिबाट रोजगार सिर्जना नहुने कार्य:**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ । साथै स्थानीय श्रोत साधनको उपयोग रोजगारी सिर्जना सम्पन्न योजनामा लाभग्राहीको अपनत्व अभिवृद्धि मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि गर्ने उद्देश्यले योजना संचालनमा उपभोक्ता समितिको परिचालन गरिन्छ। तर पालिकाले सडक निर्माण तथा स्तरोन्नतिको काम उपभोक्ता समिति मार्फत गरेकोमा रोजगारी सिर्जना नभई कार्यसम्पन्न रकम बराबरको रकम नै मेशिन परिचालन गरी सम्पन्न गरेको छ । स्थानीय श्रोत साधनको उपयोग रोजगारी सिर्जना सम्पन्न योजनामा अपनत्व अभिवृद्धि मर्मत तथा संभारमा उपभोक्ताको योगदान अभिवृद्धि हुने प्रकृतिको योजनामा मात्र उपभोक्ता समिति मार्फत काम गराउंदा प्राविधिकवाट सिफारिस गरी गर्नुपर्ने कुनै पनि योजनामा यस्तो हेभि ईक्युपमेण्ट प्रयोग गर्दा सिफारिस गरेको नदेखिएकोले नियमसम्मत भएको नदेखिएको रु.

| क्र.स | भौचर नम्बर | योजनाको नाम | भुक्तानी मिति | डोजरको बिल तथा भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६१ | काफलडाडा हुग्दी मोटर मार्ग स्तरोन्नति | २०८०/०९/२४ | २९८००० |
| २ | ५० | देउराली पिपलडाडा बेलटारी मोटर मार्ग | २०८०/०९/१३ | २९९००० |
| ३ | ६२ | दरङ्गखोला बेल्टार ग्याजा मोटरमार्ग | २०८०/०९/२४ | २९८००० |
| ४ | ६४ | डिही सडक निर्माण | २०८०/०९/२६ | १९९४०० |
| ५ | ९५ | मनादी गुम्लेक हरियाली मोटर मार्ग स्तरोन्नति | २०८०/१०/२५ | ५००००० |
| ६ | १०७ | काफलडाँडा बेसारडाडा शाखा मार्ग | २०८०/११/०८ | १९५५०० |
| ७ | १०९ | खुर्सानी डाँडा पिपलटार भित्री सडक मर्मत | २०८०/११/०८ | ४६०००० |
| ८ | १४२ | खानीगाँउ मोटर मार्ग | २०८०/१२/०८ | ८६५०० |
| ९ | १६३ | सिङ्वाटार मोटरमार्ग स्तरोन्नति योजना | २०८०/१२/१९ | १५०००० |
| १० | १७४ | छाप हुदै चुनिया र गुन्द्रि खोला कृषि मोटर मार्ग | २०८०/१२/२७ | ३००००० |
| ११ | २१९ | लाकुरे गैह्रा देखि झिरुदी मोटर मार्ग | २०८१/०१/२५ | १००००० |
| १२ | २२३ | ढेगाथर जाने मोटर मार्ग निर्माण योजना | २०८१/०१/२५ | १००००० |
| १३ | २१६ | बुन्जि माथिल्लोटार धारुङ्ग बाटो निर्माण योजना | २०८१/०१/१८ | ७८७००० |
| १४ | २४३ | नाजुङ्ग बेसि मोटर मार्ग | २०८१/०१/३१ | ४९६००० |
| १५ | २५२ | वेलस्वारा गैरीस्वारा मोटर मार्ग | २०८१/०२/०१ | १००००० |
| १६ | २८७ | धारुङ्ग बुन्जप मोटर मार्ग योजना | २०८१/०२/२९ | ६९६००० |
| १७ | २९८ | श्री शान्ति सेवा युवा क्लब भवन घडेरी निर्माण | २०८१/०३/१९ | २००००० |
| १८ | ३२१ | गाउँपालिका मार्ग शिर्षकबाट | २०८१/०३/२० | ३६५४९५ |
| १९ | ३६३ | कल्याणदेवि मोटर मार्ग विस्तार | २०८१/०३/२४ | ६४३७०० |
| **जम्मा** | | | | **६२७४५९५** |

| अनियमित भएको | ६२,७४,५९४ |
|---|---|

५७ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण कार्य गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ३०१ | ७ | ६८९४२ | २९४ | १८०२३६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३०१ योजनामा मध्ये ठेक्का मार्फत ७ वटा योजनामा रु. ६ करोड ८९ लाख ४२ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २९४ योजनामा रु १८ करोड ०२ लाख ३६ हजार खर्च गरेको छ । अर्थात ३०१ योजनामा भएको खर्च मध्ये २७.६६ प्रतिशत ठेक्का प्रक्रिया र ७२.३४ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गम्भीर ध्यानाकर्षण हुनुपर्दछ ।

५८ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. २१ लाख ४१ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खाजाखाना बापतको खर्च लेखेको छ। यसरी खर्च लेख्दा वास्तविक रूपमा कार्यालयसँग सम्बन्धित काममा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | १,००,३९७ |
| विपद | ७१,००० |
| चिया, खाजा तथा खाना | ५,१४,२३२ |
| मसलन्द | १,५६,००० |
| वडा तर्फ विविध खर्च | ६,०३,२१५ |
| विविध कार्यक्रम खर्च | ६,९६,१५६ |
| जम्मा | २१,४१,००० |

५९ **कार्यविधि बेगरको कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ। साथै खर्च गर्दा कार्यविधि अनुसार तथा कार्यविधि बनाएर मात्र खर्च गर्नुपर्दछ । पालिकाले भौ नं ३७५ २०८१।१।१८ बाट विउ विजन खरिद तथा खेति प्रवर्द्धन कार्यक्रम २० कृषक तथा कृषक समूह तथा सहकारीलाई तरकारी बालीको विउ विजन तथा सामाग्री वितरण गरी रु १९६६७० खर्च लेखेकोमा सो को कार्यविधि तयार गरेको पाइएन । अत: कार्यविधि बेगरको सो खर्च अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,९६,६७० |

६० **हाम्रो विद्यालय राम्रो विद्यालय कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । त्यस्तै विद्यालयको कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयमा सञ्चालन गरिने कार्यक्रमहरुको सम्बन्धमा कार्यविधि तथा प्रकृया समेत व्यवस्था गरेको छ । उक्त पुस्तिकामा समेत कतै उल्लेख नगरेको तथा पालिकाले कार्यविधि तयार नगरी के के कार्यमा खर्च गरिने हो सो स्पष्ट नराखी खर्च लेखेकोले सो खर्च गर्ने कार्यविधि तथा आधार पेश गरी नियमित गर्नुपर्ने देखिएको रु

| भौ न | मिति | विद्यालय | रकम |
|---|---|---|---|
| ५५८ | २०८१।३।२३ | श्री बाल विकास मा वि | १००००० |
| ५६७ | २०८१।३।२३ | श्री जय दुर्गा मा वि | १००००० |
| ५७४ | २०८१।३।२४ | श्री शुक्ला मा वि | १००००० |
| ५१२ | २०८१।३।२० | श्री शान्ति मा वि | १००००० |
| | | जम्मा | ४००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

६१ **खेलकूदमा सहयोग :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । साथै खर्च गर्दा स्पष्ट कार्यविधि तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ । पालिकाले खेलकुद सहयोगमा अत्याधिक रकम खर्च गरेको देखिएको छ । भौचरबाट विभिन्न व्यक्तिको खातामा खेलकुद रकम सोधभर्ना दिएको पाइएको छ। आफ्नो आन्तरिक आम्दानि न्यून रहेको अवस्थामा यसरी कार्यविधि बेगर पालिकाको पटके निर्णय तथा वडा अध्यक्ष तथा पालिका अध्यक्षको तोक आदेशबाट यस किसिमको खर्च गर्नु औचित्यपूर्ण नदेखिएकोले आगामीदिनमा कार्यविधि तथा कार्यक्रम बनाई यस किसिमको खर्च गर्नेगरी नियमित गर्नुपर्ने देखिएको रु

| भौ न | मिति | रकम | प्रयोजन |
|---|---|---|---|
| १८३ | २०८०।९।२३ | ४०००० | इन्द्रेणी युवा क्लब |
| ३०९ | २०८०।१२।०८ | ४३००० | दलबहादुर थापा |
| ३१४ | २०८०।१२।१२ | १०००००० | दलबहादुर थापा |
| ४०९ | २०८१।२।१६ | ६०००० | रिम ब आले |
| ४१३ | २०८१।२।१८ | ४०००० | याम बहादुर पाटा |
| ४३२ | २०८१।२।२८ | २०००० | रेनुका खण्डलुक |
| ४४० | २०८१।२।३१ | १०६२०० | रिम ब आले |
| ४४७ | २०८१।३।७ | ३५००० | धर्मज्योति युवा क्लब |
| ५२५ | २०८१।३।२१ | ४५००० | अनन्त रेग्मी |
| ५६० | २०८१।३।२३ | ४५००० | मनिष थापा र महेश काफ्ले |
| ५६९ | २०८१।३।२४ | ७५००० | विभिन्न युवा क्लब तथा समितिहरु |
| ५७५ | २०८१।३।२४ | २५००० | विभिन्न व्यक्ति |
| | जम्मा | ६३४२०० | |

| | |
|---|---|
| अनियमित भएको | ६,३४,२०० |

६२ **अध्यक्ष उपाध्यक्ष अनुगमन भत्ता :**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पदाधिकारी मासिक सुविधामा उल्लेख बाहेक अन्य सुविधा लिन नमिल्ने तथा पदाधिकारी को मासिक सुविधामा अनुगमन भत्ताको व्यवस्था अनुसारकै रकम मात्र भुक्तानी गर्न सकिनेमा पालिकाको भौ न ३५७ मिति २०८१।१।१२ बाट कुखुराको चल्ला वितरण तथा छुवाछुत मूक्त वडा घोषणा कार्यक्रम सञ्चालन गरी अनुगमन गरेको भनी गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले रु ६३७५ दरले जम्मा रु १२७५० भुक्तानी गरेकोले सो रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,७५० |

६३ **प्रेस सल्लाहकार-**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार गाउँपालिका अध्यक्षले स्वकिय सचिव बाहेक अन्य कुनै कर्मचारी राख्न मिल्ने व्यवस्था रहेको पाईँदैन । यस पालिकाले नियममा भएको व्यवस्था भन्दा फरक पदमा १ प्रेस सल्लाहकार नियुक्त गरी रु १९८००० खर्च लेखेको छ।नियममा नभएको यस किसिमको खर्च अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,९८,००० |

६४ **पालिकाका सदस्यहरुलाई यातायात खर्च :**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पदाधिकारी मासिक सुविधामा उल्लेख बाहेक अन्य सुविधा लिन नमिल्नेमा पालिकाले भौ न २४ मिति २०८०।६।१४ बाट १ दिने न्यायिक निरुपण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी पालिकाका सदस्यहरुलाई यातायात खर्च रु ५०० दरले रु २२५०० र सहजिकरण खर्च रु ७००० भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,५०० |

६५ **दोहोरो भुक्तानी :**

सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ।त्यस्तै गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । निम्नानुसारको भौचरबाट पालिकाले विभिन्न भ्रमण भत्ता तथा बैठक भत्ता भुक्तानी गरेकोमा लेखापरीक्षणमा नमुना परिक्षणका आधारमा भौचरहरुको परिक्षण गर्दा निम्नानुसारको कर्मचारी तथा पदाधिकारीहरुको भत्ता दोहोरो तथा नमिल्ने भत्ता भूक्तानी भएको पाइएकोले सो रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु

| भौ नं ।मिति | भुक्तानी प्रयोजन | पदाधिकारी। कर्मचारी | दोहोरो रकम | कैफियत |
|---|---|---|---|---|
| ९४।२०८०।७।२१ | भ्रमण खर्च | शावित्री शर्मा | २५५० | सोही समयमा बैठक भत्ता समेत भुक्तानी भएको दोहोरो खर्च |
| ९४।२०८०।७।२१ | भ्रमण खर्च | शान्ति देवी शर्मा | ८५० | सोही समयमा बैठक भत्ता समेत भुक्तानी भएको दोहोरो खर्च |
| १०४ ।२०८०।७।२३ | भ्रमण खर्च | सन्दिप श्रेष्ठ | ३४०० | सोही समयमा बैठक भत्ता समेत भुक्तानी भएको दोहोरो खर्च |
| १२१।२०८०।७।२४ | भ्रमण खर्च | चिन ब रानाभाट | १७०० | सोही समयमा बैठक भत्ता समेत भुक्तानी भएको दोहोरो खर्च |
| १२६ २०८०।७।२४ | भ्रमण खर्च | चिन ब रानाभाट | ८५० | सोही समयमा बैठक भत्ता समेत भुक्तानी भएको दोहोरो खर्च |
| ५१६ २०८१।३।२१ | बैठक भत्ता | राजेन्द्र कृष्ण श्रेष्ठ | ८५० | सोही समयको भ्रमण भत्ता रहेको |
| ५१६ २०८१।३।२१ | बैठक भत्ता | गिनुमाया थापा | ८५० | सोही समयको भ्रमण भत्ता रहेको |
| ५१६ २०८१।३।२१ | बैठक भत्ता | चिन ब रानाभाट | ८५० | सोही समयको भ्रमण भत्ता रहेको |
| ५१७ २०८१।३।२१ | बैठक भत्ता | राजेन्द्र कृष्ण श्रेष्ठ | २५५० | सोही समयको भ्रमण भत्ता रहेको |
| ५३३ २०८१।३।२२ | भ्रमण भत्ता | चिन ब रानाभाट | ३४०० | कार्यपालिकाको बैठक दोहोरो |
| ५५६ २०८१।३।२३ | भ्रमण भत्ता | राजेन्द्र कृष्ण श्रेष्ठ | १७००० | भुक्तानी गर्न नमिल्ने अनुगमन भत्ता भुक्तानी भएको |
| ५५६ २०८१।३।२३ | भ्रमण भत्ता | गिनुमाया थापा | १७००० | भुक्तानी गर्न नमिल्ने अनुगमन भत्ता भुक्तानी भएको |
| | | जम्मा | ५१८५० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१६** को निर्णयले रू **४,२००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,८५० |

६६ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि उत्पादक सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| गोश्वारा भौचर नं./ मिति | कृषक समुह | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १३६।०८१-३-२० | सगरमाथा कृषि उत्पादक सहकारी | सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम | १०४५०० |
| १३७।०८१-३-२० | जयकाली कृषि फर्म | सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम | २११‌१३८ |

६७ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति तथा संघ संस्थालाई सहायता स्वरुप रु ७७११ आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

| अन्य संस्थालाई स:शर्त चालु अनुदान शिर्षकमा जम्मा खर्च २५५००० | | | |
|---|---|---|---|
| १ | भिमाद एफ एम प्रा लि | १४७७५ | |
| २ | दरै समाज तनँहु | ३९४०० | |
| ३ | व्यास नगरपालिका {विपी पार्क निर्माणको लागी } | १००००० | |
| ४ | दान बहादुर आले डुकुडाडा | २५००० | |
| ५ | मान सि थापा | १०००० | |
| ६ | श्री बहादुर आले | ३०००० | |
| | जम्मा | २१९१७५ | |

विपन्न तथा आर्थिक सहायता शिर्षकमा जम्मा खर्च ५५२०००

केही उदाहरण

| | | |
|---|---|---|
| १ | अखिल नेपाल शिक्षक संगठन | १५००० |
| २ | लक्ष्मण पाण्डे | १०००० |
| ३ | प्रगति महिला समुह | २०००० |
| ४ | काहु मिलन युवा क्लब | २०००० |
| ५ | भिमाद एफ एम प्रा लि | १४७७५ |
| ६ | नेपाली काग्रेस जिल्ला समितिको कार्यालय तनहुँ | २०००० |
| ७ | श्री रोटेपिङ्ग निर्माण उपभोक्ता समिति | १०००० |
| ८ | बाल बिकास मा वि | १०००० |
| ९ | पुलजिप युवा क्लब | १९७०० |
| १० | फ्रेण्डसिप युवा क्लब | १९७०० |
| ११ | प्रगति महिला समुह | १५००० |
| १२ | लियो क्लब अफ तनहुँ | १९७०० |
| १३ | आदिकवि भानुभक्त क्याम्पस | ३९४०० |
| १४ | नेपाल निजामती कर्मचारी युनियन | १०००० |
| | कुल खर्च | ५५२००० |

६८ **फलफुलको बोट रु १०० को नोट कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ। पालिकाले भौ न १४७ मिति २०८०।८।२४ बाट बाँझो जमिनमा सदुपयोग कार्यक्रम सञ्चालन गरी फलफुलको बोट रु १०० को नोट कार्यक्रम गरी रु ४९८०० खर्च लेखेकोमा सुन्तलाको बोट लगाएको प्रति बोट रु १०० दरले ३ जना कृषक श्री नरेश थापा रु १००००, श्री मधुसिंह थापा रु १९८०० र साजन रानाभाट रु २०००० भुक्तानी गरेकोमा निजहरुले सुन्तालको बोट के कति जमिनमा लगाएको हो सो स्पष्ट खुल्ने प्रमाण नरहेको । उक्त कृषक छनौटको आधार पेश नभएको तथा सुन्तलाको बोट कति क्षेत्रफलमा कति संख्यामा लगाउने हो सो यकिन गरी वितरण गरेको प्रमाण नरहेकोले कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि बनाई अनुगमन समेत गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,८०० |

६९ **अन्य निकायको खर्च :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले उल्लेखित विभिन्न भौचरबाट विभिन्न निकायलाई सर्त सहितको अनुदान रकम उपलब्ध गराएको पाइएको छ । पालिकाको आफ्नो आन्तरिक आय मजबुत नभएको अवस्थामा यस किसिमको अनुदान दिने कार्य औचित्यपूर्ण रहेको देखिँदैन ।अत: पालिकाले गरेको यस किसिमको निर्णय तथा कार्य अनियमित देखिएको रु

| भौ न | मिति | रकम | प्रयोजन |
|---|---|---|---|
| २७५ | २०८०।११।७ | १५००० | विभिन्न विलभरपाईको भुक्तानी |
| २८२ | २०८०।११।२४ | ४०००० | दरै समाज तनहुँलाई कार्यक्रम आयोजना |
| ३२१ | २०८०।१२।१६ | १००००० | व्यास नगरपालिका |
| ३४० | २०८०।१२।२७ | २५००० | झ्याउरे नाच कार्यक्रम |
| ५४७ | २०८१।३।२३ | ४०००० | सहायता |
| ५७५ | २०८१।३।२४ | ३५००० | सहायता |
| | जम्मा | २५५००० | |

| | |
|---|---|
| अनियमित भएको | २,५५,००० |

७० **अन्य निकायका पदाधिकारीलाई भ्रमण भत्ता :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले भौ न ४४५ मिति २०८१।३।५ बाट कोष तथा लेखा नियन्त्रक कार्यालय दुई कर्मचारीलाई भ्रमण भत्ता रकम रु १७००० भुक्तानी गरेको पाइएको छ । यसरी पालिकाभन्दा अन्य निकायका पदाधिकारीलाई भ्रमण भत्ता भुक्तानी गर्न नहुनेमा सो कार्य अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | १७,००० |

७१ **जनप्रतिनिधिलाई अनुगमन भत्ता :**

गण्डकि प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारी सेवा सुविधा सम्बन्धि व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार पदाधिकारी मासिक सुविधामा उल्लेख बाहेक अन्य सुविधा लिन नमिल्ने देखिएको तथा मासिक सुविधाामा उल्लेख भए अनुसारको रकम मात्र भुक्तानी गर्न मिल्नेमा भौ न ४६३ मिति २०८१।३।१८ बाट स्तरमापन परीक्षा सञ्चालन कक्षा ३,५ र ८ को कार्यक्रमको अनुगमन गरेको उल्लेख गरी जनप्रतिनिधिहरुले ३८२५० बुझेको देखिएकोले रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल हुनुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७१.१ | आशा नेपाली | ८५० |
| ७१.२ | कमला थापा | ८५० |
| ७१.३ | कविता आले | ८५० |
| ७१.४ | कुश बहादुर थापा | १,७०० |
| ७१.५ | केश बहादुर आले | ८५० |
| ७१.६ | खिल माया वि क | ८५० |
| ७१.७ | गोपिनी माया विक | ८५० |
| ७१.८ | चाउरे थापा | ८५० |
| ७१.९ | चिना देवि रानाभाट | ८५० |
| ७१.१० | छलि मायाा वि क | ८५० |
| ७१.११ | जनक थापा | ८५० |
| ७१.१२ | जमुना माया दमै | ८५० |
| ७१.१३ | दल ब थापा | ८५० |
| ७१.१४ | दल बहादुर थापा | १,७०० |
| ७१.१५ | दिल ब नेपाली | ८५० |
| ७१.१६ | दुर्गा बहादुर थपा | १,७०० |
| ७१.१७ | देउ ब थापा | ८५० |
| ७१.१८ | धन बहादुर आले | ८५० |
| ७१.१९ | प्रेम राज श्रेष्ठ | १,७०० |
| ७१.२० | बुद्धिमान राना | १,७०० |
| ७१.२१ | भक्त बहादुर आले | ८५० |
| ७१.२२ | भक्त बहादुर आले | १,७०० |
| ७१.२३ | भरत कृष्ण श्रेष्ठ | १,७०० |
| ७१.२४ | भिम ब थापा | १,७०० |
| ७१.२५ | भिम बहादुर थापा | ८५० |
| ७१.२६ | माधव प्रसाद थापा | ८५० |
| ७१.२७ | मिन ब थापा | ८५० |
| ७१.२८ | मोहन रानाभाट | ८५० |
| ७१.२९ | राम बहादुर सारु | ८५० |
| ७१.३० | विष्णु माया थापा | ८५० |
| | | |

| | | |
|---|---|---|
| ७१.३१ | विष्णु माया मगर | ८५० |
| ७१.३२ | शेर ब आले | ८५० |
| ७१.३३ | श्याम कुमार श्रेष्ठ | ८५० |
| ७१.३४ | सविना राना | ८५० |
| ७१.३५ | सुक बहादुर दरै | ८५० |
| ७१.३६ | हरिकला कडेल | ८५० |
| ७१.३७ | हिरा माया नेपाली | ८५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,२५० |

७२ **सहकारी संस्थाको अनुगमनः**

नेपालको संविधान, २०७२ को अनुसुचि ८ वमोजिम स्थानीय तहको अधिकार क्षेत्रको प्रयोग गरी पालिकाभित्र २०८१ आषाढभित्र जम्मा ३ सहकारि दर्ता भएको देखिन्छ । सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ऋषिङ गाउँपालिका, तनहुँ , ऋषिङ्ग गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिन बहादुर रानाभाट | २०८०-१-३ | २०८०-१०-३ |
| कार्यालय प्रमुख | ANIL Amgai | २०८१-६-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dinesh Kumar Timsena | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,०४८,३७२ | १०,१७५,४६४ | ७,६५२,३७० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,८७६,२०६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,७४८,४२५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,१२७,७८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १४२३२०४६.४९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०५११५५४६०.२१ | चालु खर्च | ३०४७३५७७३.१५ |
| प्रदेश सरकारबाट अनुदान | १७७६८६०० | पूँजीगत खर्च | १५५०४४४२०.४९ |
| राजश्व बाँडफाँट | १०५०८१४७५.७५ | वित्तीय/अन्य व्यवस्था | १६२०३९७९९.९८ |
| आन्तरिक आय | २८१३८९३१.४१ | | |
| अन्य आय | १८२९०१३३७.२ | | |
| कुल आय | ६३९०४५८०४.५७ | कुल खर्च | ६२१८१९९९३.६२ |
| बाँकी मौज्दात | | ३१४५७८५७.४४ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।